# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२/१२/०५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरणः-

| सि.नं | प्रतिवादीहरु | मुद्दा | आयोगको माग दावी तथा विशेष अदालतको फैसला | विशेष अदालतको फैसला र आधार | आयोगवाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | प्रतिवादीहरु विकल पौडेल, सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरिवल्लभ घिमिरे, खड्क बहादुर थापा, म्याक्स इन्टरनेशनल र अकबर हुसेन मु.नं (०८०-CR-०१७२) फैसला मिति २०८२/०१/२१ | गैरकानुनी लाभ हानी पुर्याउने बद्नियतले कार्य गरी गराई भ्रष्टाचार गरेको समेत। | **आयोगको माग दावी**<br>• **सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल, राष्ट्रिय सुचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक सफल श्रेष्ठ तथा वन तथा वातावरण मन्त्रालयका तत्कालीन सि.डि.इ.(मेकानिकल) नविन कुमार पोखरेललाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ) र (च) विपरीतको कसुरमा बिगो **रु.४०,८५,७४,७४०/-** (अक्षेरपि चालिस करोड पचासी लाख चौहत्तर हजार सात सय चालिस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी प्रतिवादीहरुबाट बिगो **रु.४०,७५,५७,७४०/-** (अक्षेरपि चालिस करोड पच्चहत्तर लाख सन्ताउन्न हजार सात सय चालिस) असुल उपर हुन र प्रतिवादी विकल पौडेल उपर सोही ऐनको दफा २४ बमोजिम थप सजाय हुन मागदाबी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• **सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत खड्क बहादुर थापा र शाखा अधिकृत हरिवल्लभ घिमिरेलाई** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ) र (च) बमोजिमको कसुरमा बिगो **रु.४०,८५,७४,७४०/-** (अक्षेरपि चालिस करोड पचासी लाख चौहत्तर हजार सात सय चालिस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो रु.४०,**७५,५७,७४०/-** (अक्षेरपि चालिस करोड पच्चहत्तर लाख सन्ताउन्न हजार सात सय चालिस) असुल उपर हुन मागदावी लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>• म्याक्स इन्टरनेशनल तथा उक्त कम्पनीको सि.इ.ओ. (CEO) अकबर हुसेनलाई भ्रष्टाचार | **फैसलाः**<br>प्रतिवादीलाई आंशिक सफाई दिने गरी भएको फैसला।<br>**विशेष अदालतले फैसला गर्दा लिएका आधारहरुः**<br>• प्रतिवादीहरू सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापाले कार्यकारी निर्देशक प्रतिवादी विकल पौडेलको निर्देशानुसार खरिद प्रक्रियामा संलग्न देखिए तापनि निज प्रतिवादीहरुको उक्त खरिद कार्यमा कुनै निर्णायक भूमिका रहेको नदेखिएको,<br>• निज प्रतिवादीहरु सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापाले सो खरिद प्रक्रियामा आफ्नो पदीय दायित्व बमोजिमको कार्यसम्म गरेको देखिएतापनि निजहरुको कुनै बदनियतपूर्ण संलग्नता देखिन नआएकोले निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने। | • सुरक्षण मुद्रण केन्द्र काठमाडौंले बोलपत्र नं. SPC/G/NCB-01/077-78 को सुरक्षण प्रेसको सफ्टवेयर तथा अन्य उपकरण खरिदको लागि बोलपत्र आह्वान गर्दा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानुन बमोजिम हुनुपर्नेमा केही सीमित व्यक्ति विशेष वा कम्पनीसँग मिल्ने गरी तथा स्वस्थ प्रतिस्पर्धा नहुने गरी भएकोले नेपाल सरकारको सम्पत्ति गैरकानुनी तवरले हानी नोक्सानी तथा सरकारी रकमको दुरुपयोग गरेको भन्ने समेत बेहोराको **उजुरीको आधारमा अनुसन्धान प्रारम्भ भएको प्रस्तुत मुद्दामा** आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम को बुँदा नं. २३० मा सुरक्षित छापाखाना स्थापना गरी अन्तःशुल्क स्टिकर, हुलाक टिकट, जग्गाधनी प्रमाण पूर्जा र सार्वजनिक महत्वका कागजातहरुको सुरक्षण मुद्रण गरिने भन्ने समेत सरकारको नीति रहेको देखिन्छ। आ.व. २०७७/७८ को बजेट वक्तव्यको बुँदा नं. २६४ मा सुरक्षित मुद्रण स्थापनाको लागि उपकरणको व्यवस्था गरिने शिर्षक अन्तर्गत Card Based Press machinery Software and hardware and related equipments को लागि ३० करोड विनियोजन, Paper Based Press machinery Software and hardware and related equipments को लागि ४६ करोड विनियोजन भएको देखिन्छ। संचार तथा सूचना प्रविधि मन्त्रालयको कार्यान्वयन कार्ययोजना हेर्दा नीति तथा कार्यक्रम र बजेट वक्तव्यमा उल्लिखित बुँदाहरुको कार्यान्वयन कार्ययोजनाको बुँदा नं. ५.१५ क्र.सं. ४ मा Card Based Press machinery Software and hardware and related equipments र क्र.सं. ५ मा Paper Based Press machinery Software and hardware and related equipments को सम्पन्न गरिने क्रियाकलापमा छुट्टाछुट्टै कार्यक्रमको रुपमा उल्लेख भएको देखिन्छ। सुरक्षण मुद्रण केन्द्र काठमाडौंको मिति २०७७।१०।२९ गते मन्त्रालयका सचिव हरि प्रसाद वस्यालले स्वीकृत गरेको खरिद गुरुयोजनामा उक्त बजेट अन्तर्गतको खरिद प्रक्रिया छुट्टाछुट्टै २ वटा कार्यक्रम गरिने ब्यहोरा उल्लेख भएको देखिदा देखिदै सुरक्षण मुद्रण केन्द्र काठमाडौं कार्यकारी निर्देशक विकल पौडेलले बदनियतपुर्ण तवरले मिति २०७७।१०।२३ गते स्विकृत गरेको वार्षिक खरिद योजना एउटै प्याकेजमा कार्यक्रम गरिने भनि गरेको निर्णय आ.व. २०७७/७८ को सरकारको नीति तथा कार्यक्रम, बजेट वक्तव्य, संचार तथा सूचना प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वयन कार्ययोजना, सोही मन्त्रालयका सचिव हरि प्रसाद वस्याल द्वारा स्वीकृत खरिद गुरुयोजना विपरित भई सम्पुर्ण खरिद प्रक्रिया नै त्रुटीपुर्ण देखिन्छ।<br>• यि प्रतिवादी विकल पौडेल समेतले उपरोक्त अनुसार सार्वजिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा उल्लेखित सार्वजनिक खरिद सम्वद्ध प्रावधानहरुको परिपालना नगरेको, Card Based र Paper Based कार्यक्रमका लागि विनियोजित बजेट एउटै Paper Based कार्यक्रममा खर्च गरी कानुन विपरीत कार्य गरेको र Critical IT System र Die cutting machine को आवश्यकता पुष्ट्याई नगरि खरिद गरेकोले उक्त खरिद प्रक्रियामा भुक्तानी गरिएको रकमको प्रयोजनहीन हुन गएको अवस्था समेत देखिंदा निज प्रतिवादीहरु विकल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क),(घ) र (च) बमोजिमको कसूरमा आरोप पत्रमा माग दावी गरिएको बिगो रु.४०,७५,५७,७४०/- लाई तीनजना प्रतिवादीहरुलाई दामासाही गरि निज प्रतिवादी विकल पौडेललाई सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम एक वर्ष छ महिना कैद र दामासाहीले निजको हकमा कायम हुने बिगो रु.१३,५८,५२,५८०/- (तेह्र करोड अन्ठाउन्न लाख बाउन्न हजार पाँच सय असी रुपैयाँ) बराबर जरिबाना गरी सोही बिगो रकम निज प्रतिवादीबाट असूल उपर हुने ठहर्छ साथै निज प्रतिवादी विकल पौडेल सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकको भूमिकामा रहेको देखिएकोले निज प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप ६(छ) महिना कैद समेत हुने ठहर गरि फैसला भएको देखिन्छ। उक्त खरिद प्रक्रियामा संलग्न म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनलाई सोही भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (क),(घ) र (च) बमोजिमको कसुरको मतियार भई सोही ऐनको दफा २२ बमोजिमको प्रतिवन्धात्मक वाक्यांश बमोजिमको कसुर ठहर गरि प्रतिवादी मध्येका अकबर हुसेनलाई मुख्य प्रतिवादी विकल पौडेललाई ठहर भए सरहको एक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क), (घ), र (च) को कसूरमा सोही ऐनको दफा २२ बमोजिम बिगो **रु.४०,८५,७४,७४०/-** (अक्षरेपि चालिस करोड पचासी लाख चौहत्तर हजार सात सय चालिस) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम यि प्रतिवादी अकबर हुसेन तथा म्याक्स इन्टरनेशनल, लाई मुख्य प्रतिवादीहरुलाई हुने सजाय सरह सजाय गरी बिगो रु.**४०,७५,५७,७४०/-** (अक्षरेपि चालिस करोड पच्चहत्तर लाख सन्ताउन्न हजार सात सय चालिस) समेत असुल उपर हुन लिइ आरोप पत्र दायर भएको देखिन्छ।<br>**अदालतको फैसला**<br>• विशेष अदालत, काठमाण्डौबाट उक्त मुद्दामा फैसला हुँदा प्रतिवादी विकल पौडेललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) बमोजिम एक वर्ष छ महिना कैद र बिगो रु.४०,७५,५७,७४०/- को दामासाहीले हुने बिगो रु.१३,५८,५२,५८०/- (तेह्र करोड अन्ठाउन्न लाख बाउन्न हजार पाँच सय असी रुपैयाँ) गरी सो बिगो रकम निज प्रतिवादीबाट असूल उपर हुने, निज प्रतिवादी विकल पौडेल सुरक्षण मुद्रण केन्द्रको कार्यकारी निर्देशकको भूमिकामा रहेको देखिएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप ६(छ) महिना कैद समेत हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• प्रतिवादीहरू म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) र सोही ऐनको दफा २२ को प्रतिवन्धात्मक वाक्यांश बमोजिम मुख्य कसूरदार विकल पौडेललाई ठहर भएको जरिबानालाई आधार मानी जनही रु.१३,५८,५२,५८०/- जरिबाना र सोही बराबरको जनही बिगो निज प्रतिवादीहरु म्याक्स इन्टरनेसनल प्रा.लि. र सो | | वर्ष छ महिना कैद हुने, प्रतिवादी द्धय म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनलाई आरोप पत्रमा माग दावी गरिएको बिगो रु.४०,७५,५७,७४०/- लाई दामासाही गरि जनही रु.१३,५८,५२,५८०/- दरले जरिबाना गरि सोही अनुसारको बिगो निज प्रतिवादीहरु द्धयवाट असूल उपर हुने ठहर गरी विशेष अदालत काठमाण्डौवाट फैसला भई सकेको देखिँदा प्रस्तुत वारदातमा भ्रष्टाचारजन्य कसूरको वारदात (Corpus delicti  of Corrupt act) स्थापित भइ सकेको अवस्था देखिन्छ। जहाँ सम्म अभियोग दाबी लिईएका सात जना प्रतिवादीहरु मध्ये उपरोक्त तीन जना  प्रतिवादीहरुको हकमा विगो दामासाही गरि सजाय गरेको विशेष अदालतको फैसलाको हकमा हेर्दा फौजदारी न्यायको सिद्धान्त अनुसार सजाय निर्धारण गर्दा अपराधको अभिभाज्यता Principle of Indivisibility of offence) अनुसार संयुक्त रुपमा गरिएको अपराधलाई टुक्रयाएर हेर्न नमिल्ने, पुरा अपराधलाई एकाई (Single unit) मानेर सजाय निर्धारण गर्नु पर्ने, Common Intention\ Conspiracy भएको मुद्दामा पुरा विगोको आधारमा हरेक प्रतिवादीहरुलाई कैद र जरिवाना गर्नु पर्ने, विगो भराउने (Recovery )को हकमा मात्र दामासाही गर्न मिल्ने "punishment is based on the indivisible nature of the offence, whereas restitution may be apportioned based on participation and benefit" को सिद्धान्त अनुसार प्रतिवादीहरु विकल पौडेल, म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनलाई हुने कैद र विगोको आधारमा हुने जरिवाना Gravity of offence, Culpability, Aggravating factor,  personal Circumstance को आधारमा मागदावी गरिएको पुरै विगोको आधारमा जरिवाना गर्नु पर्नेमा विशेष अदालतवाट फैसला गर्दा दण्ड र क्षतिपुर्तिको सिद्धान्त (Distinction Between punishment and Restitution) को विश्लेषण नगरि, भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ मा उल्लेखित "विगो खुलेकामा प्रतिवादीहरुलाई विगो बमोजिम जरिवाना गरि विगो अशुल उपर गरिनेछ"  भन्ने कानूनी व्यवस्था अनुसार जरिवानाको हकमा प्रत्येक प्रतिवादीलाई मागदाबी भएको पुरै विगो रु.४०,७५,५७,७४०/- को आधारमा जरिवाना गर्नु पर्नेमा प्रतिवादीहरु विकल पौडेल, म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनलाई मागदावी गरिएको जम्मा विगो रु.४०,७५,५७,७४०/- लाई दामासाही गरि जनही रु.१३,५८,५२,५८०/- दरले जरिवाना हुने ठहर गरि भएको फैसला प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८ मा उल्लेखित कानूनी व्यवस्था एवं फौजदारी न्यायको सिद्धान्त विपरित देखिदा त्रुटीपुर्ण भई बदर भागी छ।<br>• **विशेष अदालतवाट सफाई हुने ठहर गरि फैसला भएका राष्ट्रिय सुचना प्रविधि केन्द्रका तत्कालीन निर्देशक प्रतिवादी सफल श्रेष्ठ तथा वन तथा वातावरण मन्त्रालयका तत्कालीन सि.डि.इ.(मेकानिकल) प्रतिवादी  नविन कुमार पोखरेलको हकमा** हेर्दा यि प्रतिवादीहरु सफल श्रेष्ठ र नविन कुमार पोखरेलसमेतको आपसी मिलोमतो तथा योजना विना सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल एक्लैले उक्त कार्य गर्न सक्ने अवस्था देखिदैन। प्रस्तुत मुद्दा सँग सम्वन्धित खरिद प्रक्रियामा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(३) समेतको कानूनी व्यवस्था बमोजिम खरिद पूर्व अनिवार्य तवरमा गर्नुपर्ने खरिद इकाईको गठन, खरिद माग संकलन, सम्भाव्यता अध्ययन, विस्तृत अध्ययन, नर्म्स, ड्रइङ्ग तथा डिजाइन, रीतपूर्वक स्वीकृत खरिद गुरुयोजना तथा वार्षिक खरिद योजना तयार लगायतका कार्यहरू तथा सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३ को दफा ५ को उपदफा (क) बमोजिम  सुरक्षण मुद्रण सम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम सुरक्षण मुद्रण विकास समितिबाट स्वीकृत गराउनु पर्नेमा समेतका कार्यहरु सुरक्षण मुद्रण केन्द्रमा सामुहिक रुपमा गरिने कार्यहरु हुन। यि प्रतिवादीहरु सफल श्रेष्ठ र नविन कुमार पोखरेलसमेतले सुरक्षण मुद्रण सम्बन्धी नीति, योजना, बजेट तथा कार्यक्रम सुरक्षण मुद्रण विकास समितिमा पेस नै नभएको, दुई वटा छुट्टाछुट्टै कार्यक्रमहरुको लागि बजेट विनियोजन भई सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा तयार गरिएको कार्यान्वयन कार्ययोजना तथा सचिवबाट स्वीकृत खरिद गुरुयोजनामा समेत छुट्टाछुट्टै दुई वटा कार्यक्रमहरु संचालन गरिने भनी उल्लेख भएको थाहा जानकारी हुदाँ हुदै, आफुखुशी दुई वटा कार्यक्रममा विनियोजित सम्पूर्ण बजेटलाई एउटै कार्यक्रम (Paper based Press Machinery) को लागि खर्च गरि, यसरी खर्च गर्दा पनि सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ ले गरेको अनिवार्य व्यवस्था; "खरिद सम्बन्धी कार्यबोझ र कार्य प्रकृतिको आधारमा छुट्टै महाशाखा, शाखा वा इकाईको स्थापना गरी खरिद अधिकारी तोक्नु पर्ने र उक्त खरिद अधिकारीले खरिद सम्बन्धी कार्यहरु गर्ने" का विपरीत हुने गरी खरिद इकाई समेत स्थापना नगरी बदनियत पुर्वक यि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | प्रा.लि.का CEO अकबर हुसेनबाट असूल उपर हुने, प्रतिवादी म्याक्स इन्टरनेसनल प्रा.लि. कानूनी व्यक्ति भएको कारण कैद सजाय गरिरहन परेन। अर्का प्रतिवादी अकबर हुसेनलाई मुख्य प्रतिवादी विकल पौडेललाई ठहर भए सरहको एक वर्ष छ महिना कैद हुने ठहर गरि फैसला भएको देखिन्छ।<br>• प्रतिवादीहरू सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापाको सो खरिद प्रक्रियामा कुनै बदनियतपूर्ण संलग्नता देखिन नआएकोले निज प्रतिवादीहरुले आरोपित कसूरबाट सफाई पाउने ठहर गरि फैसला भएको देखिन्छ। | | प्रतिवादीहरु सफल श्रेष्ठ र नविन कुमार पोखरेल समेत निज प्रतिवादी विकल पौडेलको संयोजकत्वमा रहेको समितिमा बसी पूर्व परिचित म्याक्स इन्टरनेशनल तथा सो कम्पनीका सि.इ.ओ. अकबर हुसेनलाई अनुकुल हुने गरि प्राविधिक स्पेशिफिकेशन तयार गरेको, उक्त म्याक्स इन्टरनेशनल कम्पनी कै सि.इ.ओ. अकबर हुसेन कै नाममा रहेको सूचना प्रविधि सम्बन्धी कार्य गर्ने आई.टी. ग्लोबल प्रा.लि. र अन्य दुई वटा कम्पनीहरुलाई दरभाउ माग गर्नु भन्दा केही दिनअघि मात्र सूची दर्ता गर्न लगाई एकै दिनमा दरभाउ लिई लागत अनुमान तयार गरेको, सार्वजनिक खरिद ऐन, नियमले सुरुमा स्पेशिफिकेशन तयार गरी सोही स्पेशिफिकेशनको आधारमा लागत अनुमान तयार गर्नु पर्नेमा दुबै एकै मितिमा स्वीकृत गरेको, नेपालमा निर्माण नहुने र सो सम्बन्धी कार्यानुभव भएका कुनै पनि कम्पनी नेपालमा नभएको कारण सार्वजनिक खरिद ऐन, २०६३ को दफा १५ बमोजिम अन्तर्राष्ट्रिय बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने अवस्थामा म्याक्स इन्टरनेशनलको मात्र कार्य अनुभव मिल्ने गरी खरिदको मुख्य कार्य करिब ८० प्रतिशत प्रिन्टिङ प्रेससँग सम्बन्धित हुँदा हुँदै प्रिन्ट प्रोडक्सन सिस्टम संचालनका लागि अपरिहार्य नभएको र यस ठेक्काबाट खरिद गर्नु नपर्ने सूचना प्रविधि सम्बन्धी कार्य; Server or Enterprise Storage or Hyper Converged Infrastructure (Critical IT System) अनुभवलाई समान हैसियतमा राखी कुनै एकमा अनुभव भए हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेको Standard Bidding Document को Qualification Requirements मा भएको "The minimum supply value of goods under a single contract within the last three years should be NRs………………[Insert 50 to 80 percent of the cost estimate]" सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७ को उपदफा (३) को देहाय (ख) बमोजिम समेत मिल्ने गरी बोलपत्रसम्बन्धी कागजातहरु तयार गरी/गराई राष्ट्रियस्तरको बोलपत्रको माध्यमबाट खरिद कार्य गरेको एवं मूल्याङ्कन गर्ने अधिकारीले नै ठेक्का स्वीकृत गर्न नहुने भन्ने सार्वजनिक खरिदको सामान्य सिद्धान्त तथा सार्वजनिक खरिद अनुगमन कार्यालयले सार्वजनिक निकायहरुमा खरिद इकाई प्रमुख र सदस्यको योग्यता सम्बन्धी जारी गरेको मापदण्ड, २०७८ का विपरीत एवं निज प्रतिवादीहरु विकल पौडेल, सफल श्रेष्ठ र नविन कुमार पोखरेलसमेतले स्पेशिफिकेशन तयार गरी गराई सोही स्पेशिफिकेशनबाट लागत अनुमान तयार गरेको तथ्य स्थापित भएको देखिन्छ। यसरी गुणस्तर घट्ने गरी स्पेशिफिकेशन संशोधन गर्दा समेत लागत अनुमान संशोधन गर्नु पर्ने, नपर्ने भन्ने सम्बन्धमा विषय विज्ञबाट कुनै किसिमको विश्लेषण समेत नगरी/नगराई सुरु कै लागत अनुमानका आधारमा खरिद कार्य गरेको, निज प्रतिवादीहरुनै प्राविधिक मुल्याङ्कन उपसमितिमा रही सिफारिस गरेको, प्रतिवादी सफल श्रेष्ठले गरेको बयानमा समेतमा दुई वटा स्टोरेज युनिट पूर्व जडित सिसिटिभि क्यामेराबाट उत्पादन हुने डाटाको लागि खरिद गरिएको भनी प्रतिवादी सफल श्रेष्ठको बयानको सवाल-जवाफ नं. २३ मा उल्लेख भएको देखिन्छ। त्यसैगरी, तत्कालीन कार्यकारी निर्देशक विकल पौडेलले गरेको बयानमा Storage Unit के कस्तो र कति क्षमताको खरिद गर्ने भन्ने आधार प्राविधिक सफल श्रेष्ठले आयोगलाई सुरक्षण मुद्रण केन्द्र मार्फत पेस गरिसकेको प्रतिवादी विकल पौडेलले गरेको बयानको सवाल-जवाफ नं. २७ मा उल्लेख भएको देखिन्छ। साथै, प्रतिवादी सफल श्रेष्ठको बयानमा Print Production System संचालनका लागि आवश्यक Server, Storage तथा अन्य IT Equipment Printing System मै हुने र Printing गर्न कै लागि थप Server, Storage आवश्यक नपर्ने प्रतिवादी सफल श्रेष्ठको बयानको सवाल-जवाफ नं. १८ मा उल्लेख भएको पाइन्छ। माथि डायग्राम नं. १ र डायग्राम नं. २ मा उल्लिखित अवस्थाबाट समेत प्रतिवादी सफल श्रेष्ठले गरेको उल्लिखित बयानलाई पुष्टी गरेको अवस्था छ। सुरक्षण मुद्रण केन्द्रबाट ठेक्का भई म्याक्स इन्टरनेशनले प्राप्त गरेको ठेक्कामा उक्त सामान आपूर्ति गर्ने विदेशी कम्पनी Bancotec Pte Ltd., Singapore ले कमिसन बापतको रकम निज प्रतिवादी विकल पौडेलको United Overseas Bank (UOB), सिंगापुरमा रहेको एकल खाता (खाता नं. ४२६३९१००१४) तथा निज प्रतिवादी विकल पौडेल र एलिना बस्नेतको Bank of America, New York, USA मा रहेको संयुक्त खाता (खाता नं. ४८३०८३३७१५१९) मा जम्मा गरेको विकल पौडेलको गैरकानुनी सम्पत्ति आर्जनका सम्बन्धमा अनुसन्धान गरिरहेका यस आयोगका अनुसन्धान अधिकृत विष्णुराज बेल्वासेको च.नं.६१३०७ मिति २०८१/०१/२३ को पत्रसाथ प्राप्त विवरण अनुसार/आरोपपत्रको तालिका नं. १२ मा उल्लेख गरेको देखिँदा निज प्रतिवादीहरु विकल पौडेल सँगै प्रतिवादीहरु सफल श्रेष्ठ, नविन कुमार पोखरेलले विनियोजित बजेटमा उल्लिखित कार्यक्रम बमोजिम Card Based Press machinery Software and hardware and related equipments खरिद गरिनु पर्नेमा सो खरिद नै नगरी Paper Based Press machinery Software and hardware and related equipments |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | अन्तर्गत एउटा मात्र Printing Press खरिद गर्नु पर्नेमा आवश्यकता भन्दा बढी दुई वटा Printing Press खरिद गरी गराई, Printing Press मा Inline हुने कम क्षमताको Die cutting machine खरिद गर्दा पर्याप्त हुनेमा मनासिब कारण बिना खरिद भएको Printing Press को क्षमता भन्दा २० गुणा बढी क्षमताको आवश्यक नै नदेखिएको Die cutting machine खरिद तथा Print Production System संचालनको लागि अमिल्दो र अनावश्यक Critical IT System लाई समेत यसै ठेक्का मार्फत खरिद गरी गराई हाल प्रयोगमा समेत आएको नदेखिएकोसमेत आधार प्रमाणहरुवाट प्रतिवादीहरुलाई गैरकानुनी लाभ पुर्याउने र सुरक्षण मुद्रण केन्द्र(नेपाल सरकार) लाई **रु.४०,८५,७४,७४०/-**(अक्षेरेपि चालिस करोड पचासी लाख चौहत्तर हजार सात सय चालिस) आरोपपत्रको तालिका नं. १५ मा उल्लेख भएको देखिन्छ। गैरकानुनी हानी पुर्याएको तथ्य मिशिल संलग्न नीति तथा कार्यक्रम, विनियोजित बजेट, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा तयार गरिएको कार्यान्व्यन कार्ययोजना, सुरक्षण मुद्रण विकास समिति (गठन) आदेश, २०७३, सुरक्षण मुद्रण केन्द्रबाट स्रोत सुनिश्चितताका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा पेस गरिएको टिप्पणी सहितको फाइल, High Security Digital Print Production System को स्पेशिफिकेशन, लागत अनुमान, खरिद सम्झौता तथा कायदिश, कार्यसम्पन्न गर्ने अवधि, म्याद थपको निर्णय, सुरक्षण मुद्रण केन्द्रको राय प्रतिक्रिया, प्रतिवादीहरुको बयान, जनक शिक्षा सामग्री केन्द्रको राय प्रतिक्रिया, सार्वजनिक खरिद विज्ञ सुरेश प्रधानको राय, दूरसंचार तथा सूचना प्रविधि विज्ञ केशवराज ज्ञवालीको प्रतिवेदन तथा संलग्न कागजात, सुरक्षण मुद्रण केन्द्रले तयार गरेको विस्तृत परियोजना प्रतिवेदन (Detailed Project Report(DPR)), महालेखा परीक्षकको प्रतिवेदन, विभिन्न मितिमा गरिएका स्थलत मुचुल्का तथा प्रतिवेदन लगायतका प्रमाणहरुवाट स्थापित भई रहेको अवस्था देखिदा देखिदै सो प्रमाणहरुको विश्लेषण नगरि खरिद प्रक्रियामा प्रत्यक्ष संलग्नता रहेका यि प्रतिवादीहरु **सफल श्रेष्ठ र नविन कुमार पोखरेललाई** सफाई दिने ठहर गरि विशेष अदालतवाट भएको फैसला प्रमाण मुल्यांकन तथा विश्लेषणको रोहमा त्रुटीपुर्ण देखिदा बदर भागी छ।<br>• प्रतिवादी नविन कुमार पोखरेलले अनुसन्धानको क्रममा बयान गर्दा, Tender Document अनुसार सार्वजनिक खरिद ऐन तथा नियम बमोजिम प्राविधिक पक्षको मूल्याङ्कन समितिमा सदस्यको रुपमा रही काम गरेको, दोस्रो प्रि-विड मिटिङमा उपस्थित भएको र "केन्द्रका कार्यकारी निर्देशक विकल पौडेलले बोलपत्रको स्पेसिफिकेशन संशोधनले असर गर्दैन भनेकोले सही गरेको तथ्यलाई स्वीकार गरेको देकिन्छ भने अर्का प्रतिवादी सफल श्रेष्ठले बयान गर्दा स्पेसिफिकेशन बनाउने कार्य मैले र मेकानिकल इन्जिनियर नविन कुमार पोखरेलले गरेको हो, खरिद कार्यमा सहयोग गर्न प्राविधिक प्रतिनिधिको रुपमा खटिई गएको हुँ, प्रतिवादी विकल पौडेलको निर्देशन बमोजिम स्पेसिफिकेशन तयार गर्ने, बोलपत्र मूल्याङ्कन गर्ने, ठेक्का सम्झौता बमोजिम परामर्शदाताले सम्पादन गरेको कामको आधारमा स्थलगत निरीक्षण एवं परिक्षण गरी आपूर्ति भई जडान भएका मालसामानको भुक्तानी सिफारिस गर्ने कार्य गरेको हुँ भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिदा यि प्रतिवादी सफल श्रेष्ठ र नविन कुमार पोखरेल समेतले प्रतिवादी विकल पौडेल सँग मिलेमतो गरि म्याक्स इन्टरनेशन कम्पनिलाई मिल्ने गरि बदनियतपुर्ण तरिकाले स्पेशिफिकेशन तयार गर्ने, लागत अनुमान तयार गर्ने, बोलपत्र सम्बन्धी कागजात तयार गर्ने, बोलपत्र कागजात (स्पेशिफिकेसन समेत) संशोधन गर्न सिफारिश गर्ने, मूल्याङ्कन समितिको सदस्य भई प्रतिवेदन पेश गर्ने, प्राविधिक उपसमितिको सदस्य भई प्रतिवेदन पेश गर्ने र प्रिन्ट प्रोडक्सन सिस्टम आपूर्ति भएपछि स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गर्ने समेतका कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिई निज प्रतिवादीहरु विरुद्धको भ्रष्टाचारजन्य कसूर पुष्टि भईरहेको अवस्थामा **Doctrine of Accountability of Public Official को सिद्धान्त** अनुसार सार्वजनिक पदमा रहेका यी प्रतिवादीहरू सफल श्रेष्ठ, नविन कुमार पोखरेललाई समेत आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा निज प्रतिवादी द्धयलाई पुर्ण सफाई हुने ठहर गरि विशेष अदालतवाट भएको फैसला मथुरा ढकालसमेत विरुद्ध नेपाल सरकार भएको (नि.नं.१०१४२, भाग ६०, अंक ११) मुद्दामा "भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानी मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानी हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायरा भित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानी पुऱ्याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने" भनी प्रतिपादित सिद्धान्तको विपरित हुने गरि बदनियत पुर्ण निर्णय प्रकियामा सामेल भएका यि |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | प्रतिवादीहरु सफल श्रेष्ठ र नविन कुमार पोखरेललाई आरोपित कसूरबाट सफाइ हुने ठहर गरी विशेष अदालत काठमाडौंबाट भएको उक्त फैसला त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• **विशेष अदालतवाट सफाई हुने ठहर गरि फैसला भएका सुरक्षण मुद्रण केन्द्रका तत्कालीन लेखा अधिकृत प्रतिवादी खड्क बहादुर थापा र शाखा अधिकृत प्रतिवादी हरिवल्लभ घिमिरेको हकमा हेर्दा** प्रतिवादी हरिबल्लभ घिमिरेले अनुसन्धानको क्रममा तथा अदालत समक्ष बयान गर्दा, बोलपत्र कागजात सार्वजनिक खरिद नियमावली बमोजिम स्वीकृतीका लागि आवश्यक निर्णयका लागि पेस गरेको हो।मैले मूल्याङ्कन समितिमा सदस्य सचिवको रुपमा काम भएको हुँ। मूल्याङ्कन समितिमा विषय क्षेत्र अनुसार सदस्य हुने भएको हुँदा कार्यकारी निर्देशकको निर्देशन बमोजिम बैठकको समन्वय गर्ने, माइन्युटिङ्ग गर्ने कार्यमा मेरो भूमिका रहेको थियो, कार्यालय प्रमुखको निर्देशनमा आवश्यक निकासाको लागि प्रक्रियागत रुपमा सहजीकरण गरी टिप्पणी उठाएको हुँ भन्ने समेत व्यहोरा उल्लेख गरेको देखिन्छ भने **अर्का प्रतिवादी खडक बहादुर थापाले अनुसन्धानको क्रममा तथा यस अदालतमा बयान गर्दा** कार्यकारी निर्देशक सहितको प्राविधिक टोली (सि.डि.ई. र निर्देशक) बाट खरिद कार्य संचालन गर्न स्पेशिफिकेशन सहितको रु.७५ करोड १३ लाख ३९ हजार ५ सय को लागत अनुमान तयार भई पेस हुन आएको अवस्थामा उक्त स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृतिको लागि शाखा अधिकृतबाट पेस भए बमोजिम खरिद प्रक्रिया अगाडि बढाउन आर्थिक प्रशासन शाखाबाट लेखा अधिकृतका हैसियतमा आफूले राय पेश गर्दा स्वीकृत वार्षिक कार्यक्रम तथा स्वीकृत वार्षिक खरिद योजनामा उल्लेख भए अनुसार नै A) Card Based Press Machinery Software and Hardware and Related equipment मा रु.३० करोड र B) Paper Based Press Machinery Software and Hardware and Related equipment मा रु.४६ करोड समेत गरी रु.७६ करोड रकम विनियोजित भएको बेहोरा उल्लेख गरी मैले टिप्पणी पेस गरेकोमा कार्यकारी निर्देशकबाट उक्त स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृत भएको हो। बोलपत्र कागजातमा व्यवस्था भए अनुसार तोकिएको मितिमा प्रि-विड मिटिङ्ग बसी बोलपत्र कागजात संशोधन सम्बन्धी भएका विभिन्न विषयहरुमा प्राविधिक टोलीबाट निर्णय भई पेस भई आए अनुसार प्रशासन शाखाको शाखा अधिकृतबाट टिप्पणी पेस भए अनुसार बोलपत्र कागजात संशोधनको लागि कार्यकारी निर्देशक समक्ष टिप्पणी पेश गरेको हो।प्रि-विड मिटिङ्गमा आ.प्र.शाखा प्रमुखको हैसियतबाट उपस्थिति भएको हो। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४७ को उपनियम १ को खण्ड (ख) बमोजिम आर्थिक प्रशासन शाखा प्रमुखको नाताले बोलपत्र मूल्याङकन समितिको सदस्य भई कार्य गरेको हो।बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन सम्पन्न भई समितिका संयोजक कार्यकारी निर्देशकबाट बोलपत्र मूल्याङ्कनको प्रतिवेदन पेश भए पश्चात शाखा अधिकृतबाट टिप्पणी पेश भए अनुसार आर्थिक प्रशासन शाखा प्रमुखको हैसियतले कार्यकारी निर्देशक समक्ष टिप्पणी पेश गरेको हुँ भन्ने समेत ब्यहोरा उल्लेख गरेको देखिन्छ भने उक्त खरिद प्रक्रियाको मिशिल हेर्दा यि प्रतिवादी हरिवल्लभ घिमिरे मूल्याङ्कन समितिको सदस्य भई प्रतिवेदन पेश गर्ने, बजेट सुनिश्चितका लागि टिप्पणी पेश गर्ने, लागत अनुमान र स्पेशिफिकेशन स्वीकृतको लागि टिप्पणी पेश गर्ने, बोलपत्र सम्बन्धी कागजात स्वीकृतिको लागि टिप्पणी पेश गर्ने, प्रि-विड मिटिङमा उपस्थित तथा बोलपत्र कागजात (स्पेशिफिकेशन समेत) संशोधनका लागि सिफारिश गर्ने, मूल्याङकन समितिको सदस्य भई प्रतिवेदन पेश गर्ने र भुक्तानीका लागि टिप्पणी पेश गर्ने समेतका कार्यमा संलग्न रहेको देखिन्छ। प्रतिवादी खड्क बहादुर थापाले लागत अनुमान र स्पेशिफिकेशन स्वीकृतिको लागि टिप्पणी पेश गर्ने, बोलपत्र सम्बन्धी कागजात स्वीकृतिको लागि टिप्पणी पेश गर्ने, प्रि-विड मिटिङमा उपस्थित तथा बोलपत्र कागजात (स्पेशिफिकेशन समेत) संशोधनका लागि सिफारिश गर्ने, मूल्याङकन समितिको सदस्य भई प्रतिवेदन पेश गर्ने र भुक्तानीका लागि टिप्पणी पेश गर्ने र भुक्तानी दिने समेतका कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिदा यि प्रतिवादी द्धय **खड्क बहादुर थापा र हरिवल्लभ घिमिरे**ले प्रतिवादी विकल पौडेल समेतसँग आपसी मिलोमतो तथा योजनामा दुई वटा कार्यक्रममा विनियोजित बजेटलाई एउटै मात्र कार्यक्रममा खर्च गर्नुपूर्व आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ को कुनै प्रक्रिया पुरा नगरी बद्नियत राखी एउटै कार्यक्रममा खर्च गरे गराएको तथा खरिदका विभिन्न प्रक्रियामा निज प्रतिवादीद्वयको सुरुदेखि भुक्तानी समेतमा संलग्न भई आफुहरुलाई गैरकानुनी लाभ पुर्याउने र सुरक्षण मुद्रण केन्द्र (नेपाल सरकार) लाई गैरकानुनी हानी पुर्याउने बद्नियतले कार्य गरी/गराई खरिद गरिनु नै नपर्ने एउटा HP Indigo 6K Secure Press र Critical IT System खरिद गरी/गराई उक्त प्रयोगविहिन सामग्री खरिद गरि भुक्तानी गर्ने कार्यमा प्रत्यक्ष संलग्न भएको देखिदा देखिदै |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | सो प्रमाणहरुलाई नजरअन्दाज गरि सम्मानित सर्वोच्च अदालतबाट **"प्रतिवादीहरुको कार्य तत्ववाट नै बद्नियत तत्व पुष्टि हुने र सोही अनुसार प्रतिवादीले दायित्व बेहोर्नु पर्ने"** भनि सार्जन पाण्डे बि. नेपाल सरकार भएको मुद्दामा (सर्वोच्च अदालत बुलेटिन २०६६ पूर्णांक ४१७ पृ १९) प्रतिपादित सिद्धान्त विपरित गई यि प्रतिवादी द्धय **खड्क बहादुर थापा र हरिवल्लभ घिमिरे** आरोप दावीबाट सफाई दिने ठहर गरि भएको विशेष अदालतबाट भएको त्रुटिपूर्ण देखिदा बदरभागी छ।<br>• सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल समेतको बद्नियतपूर्ण मिलेमतोमा भ्रष्टाचारजन्य कार्य भएको तथ्य विशेष अदालतबाट ठहर भई प्रतिवादी विकल पौडेल समेतलाई कसुर ठहर गरी सजाय भईसकेको अवस्थामा यी प्रतिवादीहरु सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरिवल्लभ घिमिरे र खड्क बहादुर थापालाई आरोपदाबीबाट सफाई हुने टहर गरि भएको फैसला नेपाल सरकार वि. रेशम चौधरीसमेत भएको मुद्दामा**"एउटै कसुरमा कसैलाई कारबाही र सजाय गर्ने, कसैलाई उन्मुक्ति दिँदा समाजमा व्याप्त "ठुलालाई चैन, सानालाई ऐन" भन्ने भनाई चरितार्थ हुन पुग्छ।..... कसुरदारलाई फौजदारी कसुरबाट सृजित दायित्वबाट उन्मुक्ति दिएमा फौजदारी न्याय मर्छ"** (मुद्दा नं.२०७७-CR-१०७५ को प्रकरण नं.३४८) भनी सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित विपरित समेत देखिदा बदरभागी छ । यसै गरि सम्मानित सर्वोच्च अदालतबाट भ्रष्टाचार मुद्दामा ×खास गरेर भ्रष्टाचारको कसुरमा बढी चेतनशील र जागरुक वर्ग नै संलग्न हुने भएको तथा कतिपय अवस्थामा भ्रष्टाचारमा संलग्न दुवै पक्ष लाभग्राही हुने भएकोले यस्ता कसुरको उजुरी परेपनि प्रत्यक्ष प्रमाणको अभाव रहने कारणले गर्दा कानुनी कारबाहीको दायरामा ल्याइएकाहरु पनि अपराधिक दायित्वबाट मुक्त हुने प्रबल सम्भावना रहने गरेको देखिन्छ। भ्रष्टाचारको कसुरमा सामान्यतयाः प्रत्यक्ष प्रमाणको अभाव रहने तथा समाजको क्यान्सररुपी यो रोगको निवारण गरी राज्यमा सुशासनको प्रत्याभूति पनि दिनुपर्ने आजको आवश्यकताको सन्दर्भमा अदालतहरुले भ्रष्टाचारको कसुर प्रमाणित हुने मापदण्डको रुपमा पछिल्लो समयमा आएर परिस्थितिजन्य प्रमाणहरुलाई ग्रहण गर्ने मान्यताको विकास भएको देखिन्छ" (**बालमुकुन्द श्रेष्ठ वि. नेपाल सरकार, भ्रष्टाचार, ०७५-CR-००५१**) भन्ने व्याख्या समेतका विपरीत हुने गरी प्रतिवादीहरु सफल श्रेष्ठ समेतलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ।<br>• अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा यी प्रतिवादीहरु सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापा समेतले प्रतिवादी विकल पौडेल समेतसँग बद्नियतपूर्वक मिलेमतो गरी परियोजनाको सम्भाव्यता अध्ययन नगरी, दुई वटा कार्यक्रममा बजेट माग गरी बढी लागत देखाई, स्पेशिफिकेशन संशोधन गर्दा समेत संशोधनपूर्वको लागत इष्टिमेटको आधारमा खरिद कार्य गरि गराई, मनासिब कारण बिना विनियोजित बजेट, खरिद गुरुयोजनासमेतका आधारमा Card based समेत खरिद गर्नुपर्नेमा खरिदको पुष्ट्याईं र मनासिब कारण बिना एउटै कार्यक्रममा Paper based समेत गरि २ वटा प्रिन्टिङ प्रेस तथा प्रिन्ट प्रोडक्सन संचालनका लागि अत्यावश्यक नभएको Critical IT System खरिद गरि नेपाल सरकार, सुरक्षण मुद्रण केन्द्रलाई **रु.४०,८५,७४,७४०/-** गैरकानुनी हानी पुर्याउने बद्नियतले खरिद गरिनु नै नपर्ने एउटा HP Indigo 6K Secure Press र Critical IT System खरिद गरी गराई रु.**४०,७५,५७,७४०/** भुक्तानी समेत गरे/गराएको तथ्य पुष्टि भई रहेको अवस्थामा प्रतिवादीहरु विकल पौडेल, सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापालाई आरोप दावी बमोजिम सजाय गर्नु पर्नेमा प्रतिवादी मध्येका सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापालाई आरोप मागदाबीबाट सफाई दिने ठहर गरि अन्य प्रतिवादीहरु विकल पौडेल, म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनको हकमा नोक्सानी भएको बिगो रु.४०,७५,५७,७४०/-लाई दामासाही गरि प्रतिवादीहरु विकल पौडेल, म्याक्स इन्टरनेसनल प्रा.लि. र सो प्रा.लि.का CEO अकबर हुसेनलाई जनही रु.१३,५८,५२,५८०/- विगो कायम गरि उक्त विगो बमोजिम जनही जरिवाना र प्रतिवादीहरु विकल पौडेल, म्याक्स इन्टरनेसनल प्रा.लि.का CEO अकबर हुसेनलाई जनही एक वर्ष छ महिना कैद हुने ठहर गरी भएको फैसलाम त्रुटी भएको हुँदा फैसला बदर गरि निज प्रतिवादीहरुविकल पौडेल, सफल श्रेष्ठ, नविन कुमार पोखरेल, हरि बल्लभ घिमिरे र खड्क बहादुर थापालाई आरोप मागदाबी बमोजिम विगो वमोजिम जनही जरिवाना र कैद सजाय गरि उल्लेखित बिगो समेत यि सम्पुर्ण प्रतिवादीहरुवाट असुल उपर गरि पाउन सादर अनुरोध छ। |